

IFJ

# IFJ JOURNALISM FOR TOLERANCE PRIZE

## सहिष्णुताका लागि अन्तर्राष्ट्रिय पत्रकार महासंघ पत्रकारिता पुरस्कार-२००३

For Excellence in Journalism Combating Racism and Discrimination

## जातिवाद र भेदभावविरूद्ध गरिने उत्कृष्ट पत्रकारिताका लागि

सहिष्णुताका लागि अन्तर्राष्ट्रिय पत्रकार महासंघ पत्रकारिता पुरस्कार अन्तर्राष्ट्रिय पत्रकार महासंघद्वारा सहिष्णुताको अभिवृद्धि, जातिवाद एवं भेदभावविरूद्ध तथा धार्मिक सांस्कृतिक र जातीय विविधता बारे बुझ्न, समझदारी कायम गर्न स्थापना गरिएको हो ।

यो पुरस्कारका लागि वर्षेनी सबै किसिमका आमसंचार माध्यममा कार्यरत पत्रकारहरूमाझ प्रतिस्पर्धा गराईन्छ । यस पुरस्कारको उद्देश्य सबै क्षेत्रमा कार्यरत संचारकर्मीले सहिष्णुताको महत्व र मानवअधिकारको सुरक्षालाई ख्याल राख्दै पिछडिएका वर्ग विशेषका बारेमा रिपोर्टिङ गर्दा ध्यान पुऱ्याउन सकुन् भन्ने रहेको छ ।

व्यक्तिगत रूपमा उनीहरूको उत्कृष्ट कार्यका लागि प्रदान गरिने यस पुरस्कारमा भाषा, धर्म वा विश्वास वा जातीय आधारमा हुने जुनसुकै भेदभाव हटाउनका लागि सम्भाव्य उपायको प्रस्तुती र घटनावृतान्तको प्रचार प्रसारलाई महत्व दिइन्छ । पुरस्कारका लागि संचारमाध्यमहरूका सम्पादकीय स्वतन्त्रता, स्तरिय व्यवसायिकता तथा पत्रकार आचारसंहिता एवं विविधतालाई प्रोत्साहन गरिएको छ ।

पिछडिएका एवं अल्पसंख्यकहरूको बारेमा समाचार सामग्री संकलन गर्दा तनाव र अप्ठ्याराहरूका बाबजुद जोखिमपूर्ण कार्य र धम्कीको सामना गरिरहका सक्रिय संचारकर्मीहरूका लागि यो पुरस्कार विशेषत लक्षित छ ।

युरोपियन युनियनको सहयोगमा आइएफजेद्वारा स्थापित यस पुरस्कार पत्रकारितामा विशिष्ट मूल्यमा आधारित भई पत्रकारहरूद्वारा नै संचालन एवं व्यवस्थापन गरिन्छ ।

### पुरस्कार

सहिष्णुताका लागि पत्रकारिता पुरस्कार क्षेत्रगत हिसाबले विश्वका पाँच उपमहाद्वीपहरूमा पुरस्कृत गरिन्छ ।

- ल्याटिन अमेरिका
- मध्य र पश्चिमी अफ्रिका
- पूर्वी र दक्षिणी अफ्रिका
- दक्षिण एसिया
- दक्षिण पूर्व एसिया

प्रत्येक उपमहाद्वीपमा क्षेत्रगत हिसाबले तीन किसिमका आमसंचार माध्यममा जातिवाद र भेदभावका विरूद्धमा लक्षित उत्कृष्ट समाचार संप्रेषण/प्रस्तुतीकरणका लागि यो पुरस्कार प्रदान गरिन्छ ।

छापा वा विद्युतीय माध्यम (रेडियो, टेलिभिजन)

हरेक उपमहाद्वीपका विजेताहरूका लागि कूल तीन हजार युरो छुट्याइएको छ । छापा/अनलाइन/(फोटोग्राफी समेत)/रेडियो र टेलिभिजनबाट विजय भएका प्रत्येकलाई उत्कृष्टताको प्रमाणपत्र दिइने छ । विजेता पत्रकारहरूलाई मार्च २००४ मा सम्बन्धित उपमहाद्वीपमा हुने भव्य पुरस्कार वितरण समारोहमा निमन्त्रणा गरिनेछ ।

### को प्रतियोगी हुन सक्छ ?

यो पुरस्कारका लागि पाँचै उपमहाद्वीपका राष्ट्रका छापा/अनलाइन/रेडियो र टेलिभिजनमा कार्यरत पत्रकारहरूले प्रतिस्पर्धा गर्न सक्छन् । प्रतियोगी संचारमाध्यममा कार्यरत पत्रकार हुनै पर्ने छ । संचारकर्मीले समुदायमा केन्द्रित जातीय विभेद र सबैखाले भेदभाव विरूद्धको क्रियाकलापबारे समाचार वा सामग्री संकलन, सम्प्रेषण वा अनिवार्य रूपमा प्रस्तुत गरेको हुनुपर्ने छ । प्रतियोगी संचारकर्मीले १ जनवरी २००३ देखि ३१ डिसेम्बर २००३ भित्र आफू संलग्न रहेको संचार माध्यममा प्रकाशित वा प्रसारित सामग्री प्रतिस्पर्धामा सहभागिताका लागि प्रस्तुत गरेको हुनुपर्ने छ ।

### प्रतियोगितामा कसरी सहभागी हुने ?

प्रतिस्पर्धामा सहभागी हुन सजिलो छ । तल दिइएको परिचयात्मक विवरणको फारम सफासँग भरेर उल्लेखित ठेगानाहरूमा फागनु १५, २०६० अर्थात् (२७ फेब्रुअरी २००४) भित्र पुग्ने गरी पठाउनु पर्ने छ । प्रतिस्पर्धामा सहभागिताका लागि कुनै शुल्क लाग्ने छैन । कृपया प्रतिस्पर्धाका नियमहरू राम्रोसँग पढ्नु होला । सामग्री इमेल र फ्याक्सद्वारा पनि पठाउन सकिने छ । यद्यपि, प्रतिस्पर्धी पत्रकारले आफ्नो सहमति रहेको हस्ताक्षर नगरेको फारम मान्य हुनेछैन् । नियमहरू यसै परिचयात्मक विवरणमा उल्लेख गरिएको छ । पुरस्कारको लागि प्रतिस्पर्धामा सहभागिताको फारम र अन्य जानकारीहरू इन्टरनेटको अनलाइन (डब्लुडब्लुडब्लु डट आइएफजे डट ओआरजी) www.ifj.org बाट पनि प्राप्त गर्न सकिने छ ।

### अन्तर्राष्ट्रिय पत्रकार महासंघ

अन्तर्राष्ट्रिय पत्रकार महासंघ मुनाफा रहित गैरसरकारी संस्था हो । यस संस्थाले अन्तर्राष्ट्रिय स्तरबाट संचारकर्मीहरूका निम्ति सुदृढ, खुला र स्वतन्त्र ट्रेड युनियनाहरूको विकास मार्फत् प्रेस स्वतन्त्रता र सामजिक न्यायका लागि प्रोत्साहन र समन्वयात्मक कार्य गर्दछ ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ, संयुक्त राष्ट्र संघ अन्तर्गतका युनेस्को, संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोग र अन्तर्राष्ट्रिय श्रम संगठन, अन्तर्राष्ट्रिय रेडक्रस समिति तथा युरोपियन युनियन, द काउन्सिल अफ युरोप लगायत थुप्रै अन्तर्राष्ट्रिय ट्रेड युनियनहरू र अभिव्यक्ति स्वतन्त्रता एवं मानव अधिकारका लागि कार्यरत संस्थाहरूसँग सहकार्य गर्दै आइरहेको छ ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघले पत्रकारहरूको व्यवसायिक र औद्योगिक स्वार्थको पक्षलाई दह्रोसँग समेट्छ । यस संस्थाले सहिष्णुता अभिवृद्धिका लागि स्थापित पुरस्कार लगायत पत्रकारहरूका लागि 'लोरेन्जो लतालि प्राइज' Lorenzo Natali Prize पुरस्कारको स्थापना र संचालनसमेत गरिरहेको छ । थप जानकारीका लागि महासंघको वेभ साइट हेर्नुहोला ।

### प्रतिस्पर्धाका लागि नियमहरू

१. छापा तथा अनलाइन, रेडियो, टेलिभिजनमा स्थानीय स्तरका कार्यरत पत्रकार (फोटो पत्रकारहरू समेत) यस पुरस्कारका लागि आवेदक हुन सक्छन् । जातिवाद र भेदभाव हटाउका लागि सामुदायिक कार्यलाई प्रोत्साहन गर्ने किसिमको एउटा समाचार प्रसारित/प्रकाशित गरेको पत्रकारले प्रतिस्पर्धाका लागि आवेदन दिन सक्छन् ।

२. एकजना प्रतिस्पर्धीले छापा/अनलाइन वा रेडियो वा टेलिभिजनमध्ये एउटा क्षेत्रका लागिमात्र प्रतियोगी हुन सक्नेछन् । तर एउटा क्षेत्रमा कार्यरत संचारकर्मीले बढीमा ३ वटा रिपोर्टहरू पनि संलग्न गर्न सक्नेछन् ।

३. निम्नि लिखित पाँचवटै उपमहाद्वीपका आमसंचारका तीनवटै छापा/अनलाइन/रेडियो वा टेलिभिजन क्षेत्रबाट आएका छुट्टाछुट्टै आवेदनहरूलाई मान्यता दिइने छ ।
   - प्रकाशित वा प्रसारित सामाचार/समाग्री/रिपोर्टिङ- ल्याटिन अमेरिका ।
   - प्रकाशित वा प्रसारित सामाचार/समाग्री/रिपोर्टिङ- मध्य वा पश्चिमी अफ्रिका ।
   - प्रकाशित वा प्रसारित सामाचार/समाग्री/रिपोर्टिङ- पूर्वी वा दक्षिणी अफ्रिका ।
   - प्रकाशित वा प्रसारित सामाचार/समाग्री/रिपोर्टिङ-दक्षिण एसिया ।
   - प्रकाशित वा प्रसारित सामाचार/समाग्री/रिपोर्टिङ- दक्षिण पूर्व एसिया ।

४. प्रतिस्पर्धाका लागि आवेदन गर्ने समाचार/सामग्री/रिपोर्टिङ १ जनवरी २००३ देखि ३१ डिसेम्बर २००३ भित्रमा प्रकाशित वा प्रसारित भएको हुनुपर्ने छ ।

५. प्रतिस्पर्धाका लागि दिइएको आवेदन २७ फेब्रुअरी २००४ अर्थात् १५ फागुन २०६० भित्र पुगिसक्नु पर्ने छ ।

६. विजेतालाई नगद सहितको पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

७. प्रतिस्पर्धामा सहभागी हुने संचारकर्मीको समाचार सामग्री वा रिपोर्टिङको पुनः प्रकाशन, प्रसारण वा प्रयोग गर्ने अधिकारका साथै पुरस्कार वितरण समारोहको प्रसारणको अधिकार अन्तर्राष्ट्रिय पत्रकार महासंघसँग सुरक्षित रहने छ ।

८. प्रत्येक आवेदन प्रतिस्पर्धी संचारकर्मीको लिखित सहमतीका रूपमा मानिनेछ ।

९. सबै आवेदकहरूले क्रियाशिल संचारकर्मीका रूपमा कार्यरत भएको र आवेदनसँग संलग्न हुने प्रतिस्पर्धी समाचार/सामग्री/रिपोर्टिङ उनकै मौलिक कार्य हो भन्ने कुरा सम्बन्धित् संस्थाको सम्पादकीय प्रमुख वा आधिकारिक पदाधिकारीबाट प्रमाणित गराउनु पर्ने छ । साथै, प्रकाशित वा प्रसारित मिति पनि उल्लेख हुनुपर्ने छ ।

१०. आवेदकले प्रकाशित वा प्रसारित आफ्नो समाचार/सामग्री/रिपोर्टिङको सन्दर्भमा औपचारिक रूपमा कुनै सच्चाई, खण्डन, संशोधन, विरोध वा कसैको दावी र फरक मतजस्ता कुरा भएका छन् भने त्यो कुराको उल्लेख र प्रमाण समेत संलग्न गर्नुपर्ने छ ।

११. आवेदनसँग सम्लग्न कुनै पनि कागजात सामग्री फिर्ता गरिने छैन । प्रतिलिपीहरू आफैसँग सुरक्षित राख्नु राम्रो हुनेछ ।

१२. प्रत्येक उपमहाद्वीपका मुख्य भाषाहरूलाई पुरस्कारको आधिकारिक भाषाहरूमा तय गरिने छ । आवेदन तथा प्रकाशित वा प्रसारित सामग्री आधाकारिक कुनै एक भाषामा हुनु अनिवार्य छ । प्रत्येक क्षेत्रका कार्यलयीय भाषाका सम्बन्धमा कृपया संस्थाको बेभसाइडमा हेर्नुहोला ।

१३. सामूहिक रूपमा तयार गरी प्रसारित वा प्रकाशित समाचार/सामग्री/रिपोर्टिङका सन्दर्भमा भने संलग्न वा योगदान गर्ने प्रमुख सबै व्यक्तिहरूको कार्य विवरण, भूमिका, नाम आदि सबै स्पष्ट खुलाउन पर्ने छ । यस्तो आवेदन गर्दा बढीमा ५ जना व्यक्तिसम्मको संलग्नता आपत्ति हुनेछैन ।

१४. यस संस्थाका कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरू र संस्थाका कुनै पनि तलबी कामदार पत्रकारहरू यो पुरस्कारको आवेदक बन्न सक्ने छैनन् ।

### निर्णायक मण्डल

१५. हरेक उपमहाद्वीपबाट संचार क्षेत्रमा विशेष योगदान दिएका र दखल भएका सम्मानित व्यक्तिहरूको स्वतन्त्र निर्णायक मण्डलले छापा/अनलाइन, रेडियो र टेलिभिजन क्षेत्रको लागि अलग अलग उत्कृष्ट प्रतिस्पर्धी पत्रकार चयन गर्ने छन् ।

१६. निर्णायक मण्डलले कुनै उपमहाद्वीपमा कुनै क्षेत्रमा उत्कृष्टता ठहर गर्न उचित नदेखेको खण्डमा विजेताको घोषणा नगर्नसमेत सक्नेछ ।

१७. निर्णायक मण्डलको छनोट नै अन्तिम हुनेछ । निर्णायक मण्डलले प्रतिस्पर्धाका लागि उचित र योग्य नहऱ्याएका आवेदन रद्द गर्न सक्ने छ । यस पुरस्कारका निर्णायक मण्डलले विजेता छनोटपछि पनि यदि विजेताको आवेदन वा समाचार/सामग्री वा रिपोर्टिङको आधार र प्रक्रिया त्रुटिपूर्ण र गलत भएको पत्तो लागेमा पुरस्कार रद्द गरेको घोषणा गर्न सक्नेछ ।

### निर्णय गर्ने आधारहरू

१८. पुरस्कार विजेताको छनोट पत्रकारिताको उत्कृष्टताका आधारमा हुनेछ । निर्णायक मण्डलले हरेक प्रतिस्पर्धी आवेदकको कार्यबाट पुरस्कारको उद्देश्य अनुरूप धार्मिक र साँस्कृतिक विविधता सम्बन्धमा सहिष्णुता र समझदारी अभिवृद्धि गराई, जातिवाद र भेदभाव हटाउन कति र कसरी योगदान पुऱ्याएको छ भन्ने विषयलाई विचार गर्नेछ । निर्णायक मण्डलले आवेदनका साथ प्रस्तुत समाचार/सामग्री वा रिपोर्टिङको समाचारीय गुणवत्ता, अनुसन्धान, प्रस्तुतीकरण, उत्पादन, निर्माण तिक्ष्णता एवं विवेक, असर प्रभाव, समुदायलाई हुन पुगेको उपलब्धी, आचारसंहिताको परिपालना, मौलिकता, रचनात्मकता र उत्प्रेरकत्वजस्ता पक्षलाई पनि मूल्यांकनको आधार बनाउनेछ । प्रकाशित वा प्रसारित ती सामग्री उत्पादन निर्माण संकलन र प्रस्तुतिका लागि लगाएको मेहनत र समयावधि एवं लगानीको पक्षलाई समेतको मूल्यांकन गर्नेछ ।

### प्रतिस्पर्धा कसरी गर्ने ?

पूर्ण रूपमा भरेको आवेदन फारमका साथ निम्न सामग्रीहरू सहित तल उल्लेखित ठेगानामा आफ्ना सम्बन्धित् कागजात पठाउनु पर्ने छ ।

**छापा माध्यमका लागि**

छापा माध्यमका कार्यरत पत्रकारले प्रतिस्पर्धाका लागि आवेदनका साथ पेश गर्ने सामग्री प्रकाशित भएको अखबार/पत्रिका कमसेकम छापिएको पुरै पृष्ठसमेत संलग्न गरी पठाउनु पर्नेछ ।

अनलाइन पत्रकारले एचटिएमएल फरमेट (HTML Formate) मा वा फ्लपी डिस्क (Floppy Disk) अथवा सिडी रोम (CD ROM) मा वा प्रसारित वा प्रकाशित समाग्री हेर्न सकिने इन्टरनेटको पूर्ण ठेगाना उल्लेख गरी पठाउनु पर्ने छ ।

**रेडियो माध्यमका लागि**

रेडियोमा कार्यरत पत्रकारले प्रतिस्पर्धाका लागि आवेदनका साथ प्रसारित सामग्रीको स्तरीय श्रव्य, क्यासेट र उक्त क्यासेटको स्क्रिप्ट उतारेर पठाउनुपर्नेछ । आवेदकको नाम, ठेगाना, टेलिफोन नम्बर र आवेदन मिति पनि उल्लेख गर्नु पर्ने छ ।

**टेलिभिजनका लागि**

टेलिभिजनमा कार्यरत पत्रकारले आवेदनका साथ प्रसारित सामग्रीको स्तरीय टेप र सोही टेपमा छायाङ्कृत सामग्रीको पूर्ण स्क्रीप्ट पेश गर्नुपर्ने छ । प्रसारित सामग्रीको टेप क्षति हुन नदिन राम्रोसँग प्लाष्टिकले मोडेर सुरक्षित ढंगले पुग्नेगरी आवेदकको नाम ठेगाना टेलिफोन र आवेदन मिति स्पष्टसँग लेखेर पठाउनुपर्नेछ ।

पठाइएका सामग्रीहरू मौलिक हुनुका साथै कुन मितिमा के मा प्रकाशित वा प्रसारित भएको हो भन्ने कुरा सम्बन्धित् आमसंचार माध्यमका सम्पादकीय प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ ।

k च्यातिएको वा स्पष्ट नबुझिने सामग्री समाचार वा रिपोर्टिङ मान्य हुनेछैन । प्रकाशित वा प्रासारित सामग्रीको गुणस्तरीय प्रतिलिपिमात्र पठाउनु होला ।

### आवेदन फारम

**१. व्यक्तिगत विवरण** ..............................

आवेदकको नाम ..............................

व्यक्तिगत इमेल ..............................

पद ..............................

आवेदकको स्थायी ठेगाना ..............................

..............................

निवासको टेलिफोन .............................. फ्याक्स नं. ..............................

**२. संचार माध्यम**

कार्यरत संचारमाध्यमको नाम ..............................

टेलिफोन नं. .............................. फ्याक्स नं. ..............................

ठेगाना ..............................

इमेल ठेगाना ..............................

**३. प्रकाशन, स्टेशन, वेभसाइट अथवा सेवाका आवेदकका प्रकाशित वा प्रसारित समाचार/सामग्री/रिपोर्टिङ**

नाम ..............................

प्रकाशित वा प्रसारित मिति ..............................

(आवेदकका सामग्री १ जनवरी २००३ देखि ३१ डिसेम्बर भित्रका हुनु जरुरी छ।)

समय/पृष्ठ .............................. भाषा ..............................

**४ माध्यम (कृपया बक्समा चिन्ह लगाउनु होला)**

☐ छापा/अनलाइन ☐ रेडियो ☐ टेलिभिजन

**५. आवेदक/प्रतिस्पर्धी**

प्रतिस्पर्धी समाचार/सामग्री/रिपोर्टिङको शीर्षक

आवेदनका साथ पेश गरिएको समाचार/सामग्री/रिपोर्टिङको छोटो परिचय र त्यसको असर/उपलब्धी

..............................

..............................

**६. आवेदकको व्यवसायिक अनुभव** ..............................

..............................

**७. आवेदकको स्वीकृतिको घोषणा**

मैले प्रतिस्पर्धाका लागि पेश गरेको प्रकाशित/प्रसारित सामग्री/समाचार/रिपोर्टिङ मेरो मौलिक कार्य हो भन्ने घोषणा गर्दछु। भाषागत सुधार वा उत्पादन कार्यमा सामान्य परिवर्तनबाहेक यसको प्रतिलिपि अधिकार मसँग सुरक्षित छ।

आवेदकको नाम ..............................

हस्ताक्षर ..............................

मिति ..............................

**८. आवेदक कार्यरत संचारमाध्यमको सम्पादकीय पदाधिकारीको घोषणा**

म प्रमाणित गर्दछु कि श्री/श्रीमती/ सुश्री .............................. यस संस्थाका क्रियाशिल र प्रतिबद्ध पत्रकार हुन्। आइएफजे (IFJ) ले स्थापना गरेको यस पुरस्कारका लागि निजले आवेदन गर्दा पेश गरेको समाचार/सामग्री/रिपोर्टिङ उनको मौलिक कार्य हो।

.............................. मिति .............................. समय/पृष्ठमा प्रकाशित/प्रसारित छ।

उक्त सामग्री समाचार/रिपोर्टिङको सामान्य सम्पादन, पुनः लेखन वा अन्य कुनै सन्दर्भमा पुनः प्रकाशन, साभार वा पुनः उत्पादनका सन्दर्भमा प्रयोग गर्नका लागि आपत्ती हुनेछैन।

संस्थाको नाम ..............................

प्रमाणित गर्ने पदाधिकारीको नाम ..............................

पद .............................. हस्ताक्षर ..............................

सम्पर्क फोन ..............................

मिति ..............................

**IFJ JOURNALISM FOR TOLERANCE PRIZE**

**सहिष्णुताका लागि अन्तर्राष्ट्रिय पत्रकार महासंघ पत्रकारिता पुरस्कार**

प्रतिस्पर्धाका लागि नेपालमा आवदेन पठाउने ठेगाना


**नेपाल पत्रकार महासंघ**
गौचरन संचारग्राम
काठमाडौं, नेपाल
फोन: ९७७-१-४४९००६३,४४९३८७३
फ्याक्स: ९७७-१-४४९००८५
Email: fhjnepal@mail.com.np

अथवा

**नेपाल प्रेस युनियन**
अनामनगर, काठमाडौं, नेपाल
पो.व. १९०३३
फोन ९७७-१-४२६४१४६
फ्याक्स ९७७-१-४२६१४६
Email: nepalpressunion@hotmail.com

अथवा

**नेशनल युनियन अफ जर्नालिष्ट**
नयाँ बनानेश्वर,
काठमाडौं नेपाल
फोन: ९९७-१-४८०९०७


*TOLERANCE PRIZE को प्रतिस्पर्धाका लागि दक्षिण एसियाली कार्यलयको निम्न ठेगानामा समेत आवदेन पठाउन सक्नुहुने छ ।*


IFJ JOURNALISM FOR TOLEANCE PRIZE
INTERNATIONAL FEDERATION OF
JOURNALISTS (SOUTH ASIA)
C/O GOEL BUSINES CENTER
C-23/2, I st FLOOR, CONNAUGHT PALCE
NEW DELHI 110 001
INDIA
TELEPHONE:- +91 9818383669
TELEFAX:-+91-11- 51513526/7/8
Email: ifjsouthasia@hotmail.com


सबै आवदेनमा IF JOURNALISM FOR TOLERANCE PRIZE स्पष्टसँग लेख्न अनिवार्य छ ।

**विश्वमा सुदृढ विकास र समझदारीका लागि युरोपियन युनियनको सहयोगमा**

छापा/अनलाइन • रेडियो • टेलिभिजन

IFJ
INTERNATIONAL FEDERATION OF JOURNALISTS

EUROPEAN COMMISSION

# IFJ JOURNALISM FOR TOLERANCE PRIZE

## सहिष्णुताका लागि अन्तर्राष्ट्रिय पत्रकार महासंघ पत्रकारिता पुरस्कार

सहिष्णुताका लागि अन्तर्राष्ट्रिय पत्रकार महासंघ

## पत्रकारिता पुरस्कार-२००३

जातिवाद र भेदभावविरूद्ध गरिने उत्कृष्ट पत्रकारिताका लागि



**आवेदन दिने अन्तिम मिति २७ फेब्रुअरी २००४ अर्थात् १५ फागुन २०६०**

थप जानकारीका लागि अर्को पातो फर्काउनुहोला

*सहिष्णुता अभिवृद्धि, जातिवाद एवं भेदभावविरूद्ध तथा साँस्कृतिक धार्मिक र जातीय विविधताका बारे बुझ्न र योगदान दिनका लागि*